# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

**स्थानीय राजपत्र**

| खण्ड १ | अंकः २ | बैशाख, ०८ गते २०८० साल | (संख्याः ०८) |
|---|---|---|---|

## भाग-२

नगर कार्यपालिकाको मितिः २०७९/१२/२८ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

स्थानीय सरकार सञ्चांलन ऐन, २०७४ को दफा १०२ (२) मा रहेको व्यवस्था अनुरुप नगरको पशु सेवा विकास कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि पशुपन्छी तथा पशु जन्य पदार्थको उत्पादन र उत्पादकत्व बृद्धि गर्नका लागि बर्दघाट नगर कार्यपालिकाबाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भ**

(क) यस नियमावलीको नामः "बर्दघाट नगरपालिकामा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७९" हुनेछ ।

(ख) यो कार्यविधि बर्दघाट नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(ग) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको बर्दघाट नगरपालिका सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बर्दघाट नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

(ग) "प्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ।

(घ) "उपप्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ।

(ङ) "आर्थिक विकास समिति" भन्नाले बर्दघाट नगरपालिकाको आर्थिक विकास समितिलाई सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बर्दघाट नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(छ) "पशु सेवा शाखा" भन्नाले बर्दघाट नगरपालिका मातहतको पशु सेवा हेर्ने शाखा लाई सम्झनु पर्छ।

(ज) "शाखा प्रमुख" भन्नाले बर्दघाट नगरपालिकाको पशु सेवा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्दछ।

(छ) "प्रदेश मन्त्रालय" नेपाल सरकार, लुम्बिनी प्रदेश, कृषि तथा भूमि व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकार, कृषि तथा पसुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

**२. बर्दघाट नगरपालिका पशुपन्छी विकास अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरु**

- पशु स्वास्थ्य सेवा कार्यक्रम
- पशु नश्ल सुधार कार्यक्रम
- पशु आहारा विकास कार्यक्रम
- पशु सेवा तालिम कार्यक्रम
- युवा लक्षित पशु उत्पादन कार्यक्रम
- मत्स्य विकास कार्यक्रम
- पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थको बजारीकरण कार्यक्रम
- उत्पादनका आधारमा अनुदान सहयोग कार्यक्रम

<u>संचालन हुने कार्यक्रमका उद्येश्यहरु</u>

- पशुपन्छीमा हुने रोगहरुको निदान तथा उपचार गर्ने।
- पशुपन्छीमा हुने सङ्क्रामक रोगहरु फैलन नदिने।
- पशु चिकित्सा सेवाको व्यवस्थापन गर्ने।
- पशुहरुमा (गाई/भैसी/बाख्रा) कृत्रिम गर्भाधानको माध्यम बाट नश्ल सुधार गरी पशु जन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने।
- भैसीमा मुर्रा र बाख्रामा बोयर जातको भाले बाट नश्ल सुधारका लागि प्राकृतिक गर्भाधानको व्यवस्था मिलाउने।
- पशु तथा पशुजन्य उत्पादन लागत घटाउन बाहै महिना हरियो घाँस उत्पादनमा जोड दिने।
- स्थानीय चरन, क्षेत्रको विकास र व्यवस्थापन गर्ने।
- गाई, भैसी, बाख्रा बङ्गुरको पकेट क्षेत्र बिकास गर्ने।
- पशु आहाराका लागि कृषि जन्य उपपदार्थको प्रशोधन/प्रयोग गरी पशु पोषण स्वास्थ्यमा सुधार गर्ने।



प्रमुख प्रशासकीय अधिकृत

- युवा जनशक्तीहरु लाई स्थानिय क्षेत्रमा नै पशुपन्छी पालन तथा पशुपन्छीजन्य उत्पादनमा लाग्नका लागि प्रोत्साहन गर्ने ।
- पशुपन्छी बिमा र कर्जाको सहजीकरण गर्ने ।
- कृषकको गोठ खोरमा उत्पादित वस्तुहरुको बजारीकरणका लागि सहयोग गर्ने ।
- सम्भावित क्षेत्रमा स्थानीय नश्लको संरक्षण गर्ने ।
- कृषकहरुलाई दुध र मासु उत्पादन प्रतिफलमा आधारित अनुदान सहायता उपलब्ध गराई प्रोत्साहित गर्ने ।

**२.१ पशु स्वास्थ्य सेवा कार्यक्रम:**

(क) बर्दघाट नगरपालिका पशुसेवा शाखा र पशुसेवा केन्द्रवाट आवश्यकता अनुसार प्राथमिक उपचार तथा आवश्यक प्राविधिक परामर्श सेवा उपलब्ध गराइने छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र परासीसँगको सहकार्यमा पशुपन्छीहरुको नियमित चेक जाँच, रोग आउट ब्रेक अन्वेषण, नमुना सङ्कलन, परीक्षण, जस्ता कार्य गरिनेछ ।

(ख) पशु सेवा शाखाले स्थानीय प्राइभेट पाराभेट एवं सरोकारवालाहरुसंगको समन्वयमा मेडिकल उपचार, माइनर सर्जिकल, गाइनोक्लोजिकल उपचार, पशु बन्ध्याकरण, प्रयोगशाला सेवा (गोबर र दुध) परीक्षण र उपचार गरिनेछ । साथै नगरपालिका क्षेत्र अन्तर्गत रहेका पशुहरुमा निम्न अनुसारको पशु खोप सेवा निशुल्क सञ्चालन गरिने छ । कृषकहरुको घर/गोठमा पुगी अभियानको रुपमा नगरका सबै १-१६ वडाहरुमा पशु खोप कार्यक्रम संचालन गर्न स्थानीय प्राइभेट पाराभेटहरुको परिचालन गरिने छ । यसरी परिचालन भएका भ्याक्सिनेटरहरुलाई अनुसुची-२ अनुसारको ज्याला उपलब्ध गराउन सकिने छ ।

| | |
|---|---|
| - गाई, भैसीमाः | HSBQ र FMD |
| - बाख्रा, भेडामाः | PPR |
| - बङ्गुरमाः | Swine Fever |
| - कुकुरमाः | Rabies |

(ग) यस नगरक्षेत्र अन्तर्गत दुरदराजमा रहेका एवं पशुपन्छी उपचार तथा प्राविधिक परामर्श सेवामा कम पहुच भएका स्थान/वस्तीहरुमा घुम्ती पशु स्वास्थ्य शिविर/डोर टु डोर सेवा सञ्चालन गरिने छ । पशुपन्छी पालन फार्महरुमा जैविक सुरक्षा व्यवस्थापन (Bio-security) पक्षमा विशेष ध्यान पुर्याइने छ । पशुहरुमा सङ्क्रामक तथा महामारीजन्य रोगहरु देखा परेमा सोको रोकथाम र नियन्त्रणका लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन गरिने छ ।

(घ) पशुपालक कृषकहरुलाई स्थानीय स्तरमा प्राविधिक सेवा उपलब्ध गराउनको लागि स्थापना भएको पशु सेवा केन्द्रहरुवाट पशुपन्छीको प्राथमिक उपचार, पशु बन्ध्याकरण, कृत्रिम गर्भाधान, गोबर परीक्षण, आन्तरिक परजीवी नियन्त्रण सेवा, प्राविधिक परामर्श सेवा आदी प्रदान गरिनेछ ।

(ङ) दुधालु पशुहरुमा हुनसक्ने थुनेलो र बाँझोपना एवम् सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण गर्ने जस्ता बिशेषज्ञ सेवा सञ्चालन गर्नका लागि सम्बन्धीत क्षेत्रका बिज्ञ प्राविधिकहरु लिइ कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत

(ङ) मासु/आण्डा उत्पादनकालागी पालन गर्ने कुखुराका चल्ला खरिद, फार्म जैविक सुरक्षा व्यवस्थापन, प्राविधिक सेवा, उत्पादित वस्तुको बजारीकरण जस्ता क्रियाकलापहरुमा सहयोग उपलब्ध गराउन सकिनेछ ।

**२.२ पशु नश्ल सुधार कार्यक्रम:**

(क) पशु नश्ल सुधार कार्यक्रम अन्तर्गत गाई, भैसीमा नियमित कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउनको लागि आवश्यक सिमेन, तरल नाईट्रोजन र आवश्यक अन्य लजिष्टिक सामग्री व्यवस्थापन गरिने छ । पशु नश्ल सुधारका निम्ति कृत्रिम गर्भाधान सेवा लिने कृषकहरुलाई स्वीकृत वजेट अनुसार प्रोत्साहन/सहायता रकम सम्वन्धित वडा कार्यालय मार्फत सम्बन्धित कृषकलाई नगदै अनुदान उपलब्ध गराइने छ । साथै पशु पालक कृषकहरुलाई स्थानीय स्तरमा उन्नत जातका राँगो र बोका उपलब्ध गराई सोबाट प्राकृतिक गर्भाधान सेवा मार्फत समेत पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरिने छ ।

(ख) नगरको सम्भावित बाख्रापालन क्षेत्र वडा न. २,१०,४,५,१६ तथा नगरका विभिन्न स्थानहरुमा रहेका कृषक समूह तथा व्यावसायिक बाख्रापालक फार्महरुमा रहेका स्थानीय बाख्राहरुमा नश्ल सुधारका लागि बोयर क्रस जातका बोकाहरु उपलब्ध गराइनेछ वा सम्झौता अनुसार सम्बन्धित समूह एवम् कृषक उद्यमीले बोका/राँगा खरिद गरेमा खरिद बिल, प्राविधिक प्रतिवेदनका आधारमा खरिद मूल्यको अधिक्तम ७५ प्रतिशत सम्म अनुदान/सहायता रकम उपलव्ध गराउन सकिने छ ।

(ग) पाडी हुर्काउनेः बर्दघाट नगरपालिका भित्र भैसीपालन (कालो सुन) प्रर्वद्धनका लागि मुर्रा जातको पाडी हुर्काउने कार्यक्रम संचालन गर्न सकिनेछ । यस कार्यक्रममा साना किसानहरुलाइ सहभागी गराउनु पर्नेछ । कार्यक्रममा छनौट भएका कृषकहरुलाई सम्वन्धित वडा समितिको निर्णय अनुसार २ वटा पाडी खरिद व्यवस्थापनका लागि अधिकतम रु.४०००० अनुदान उपलव्ध गराउन सकिने छ । यसरी पालिएका पाडीहरुको अनिवार्य बीमा हुनुपर्नेछ ।

**२.३ पशु आहारा विकास कार्यक्रमः**

(क) पशु आहारा विकास कार्यक्रम अन्तर्गत पशुपालक कृषकहरुलाई हरियो घाँसमा आधारित पशुपालनमा प्रोत्साहन गरिने छ । नियमित हरियो घाँस उत्पादनका लागि सिजन अनुसारका हिउदे, वर्षे, बहुवर्षे, घाँसका बिउ/बेर्ना तथा सेट/स्लिप उपलब्ध गराइनेछ । घरका छेउछाउ आलीकान्ला कुलो तथा खोलाको किनार आदिमा लगाउनको लागि विभिन्न जातका डाँले घाँसका बेर्नाहरु वितरण गरिने छ । बाहै महिना हरियो घाँस उत्पादन गर्नका लागि लागत सहभागितामा कृषकहरुलाई निम्न अनुसारको घाँसका बिउ/बिरुवा/स्लिप उपलब्ध गराउन सकिने छ ।

| | |
|---|---|
| - हिंउदे घाँसको बिउ | जै, भेच, बर्षिम आदि । |
| - बर्षे घाँसको बिउ | मकैचरी, सुडान, बाजरा आदि । |
| - डाँले घाँसका बिरुवा | बडहर, किम्बु, बकाईनो, ईपिलईपिल, भट्मासे आदि । |
| - बहु बर्षिय घाँसको विउ | स्टाईलो, ज्वाईन्ट भेच आदि । |
| - बहुबर्षीय घाँसका (सेट्स/स्लिप) | नेपियर, पासपालम, मुलाटो आदि । |

(ख) नगरभित्र आवश्यक उन्नत जातका घाँसको बिउ उत्पादनका लागि कृषकहरुलाई मल, बिउ, सिंचाइ आदिमा सहयोग गरि कन्ट्राक फार्मिङ मार्फत घाँसको बिउ उत्पादन गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

(ग) पशुजन्य उत्पादन लागतमा न्यूनीकरण गर्नका लागि साईलेज बनाउने प्रविधिलाई प्राथमिकता दिइने छ। साईलेज प्रविधि प्रदर्शन गरिने छ। साईलेज वनाउने पिट निर्माण तथा साईलेज बनाउने मेसिन, उपकरण, छाँटी काट्ने मेसिन, सिँचाइका लागी आवश्यक पम्पसेट, पाईप, मोटर आदि कृषि सामग्रीहरु ७५ प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिने छ।

(घ) हरियो घाँसमा आधारित पशुपालनमा बढवा दिन घाँस खेती गर्ने कृषकहरुलाई स्थलगत रुपमा घाँस लगाएको क्षेत्रफलका आधारमा (आवश्यक, बिउ, मल, जोताइ, सिँचाइ) व्यवस्थापनका लागी अधिक्तम प्रति कठ्ठा रु.१००० का दरले १ हेक्टर सम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

(ङ) पशु आहारा व्यवस्थापनका लागी Silo Pit निर्माण गर्न इच्छुक पशुपालक कृषकहरुलाई कुल लागत खर्चको ८० प्रतिशत रकम अनुदान उपलब्ध गराउन सकिने छ।

**२.४ पशु सेवा तालिम कार्यक्रमः**

(क) पशु सेवा प्रविधि तथा तालिम कार्यक्रम अन्तर्गत पशुपन्छी पालक कृषक/उद्यमी/समूह/सहकारी हरुलाई निजको आवश्यकता र माग बमोजिमका तालिम तथा स्थलगत अवलोकन भ्रमण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ख) व्यावसायिक पशुपन्छी पालक कृषकहरुलाई निजको फार्म सँग सम्वन्धित व्यावसायिक/सिप विकास तालिमका लागि प्रदेश पशु सेवा तालिम केन्द्र सँग समन्वय गरी तालिमको व्यवस्था मिलाउन सकिने छ।

**२.५ युवा लक्षित पशु उत्पादन कार्यक्रम**

(क) युवा लक्षित पशु उत्पादन कार्यक्रम अन्तर्गत यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोवास गर्ने २१ वर्ष देखि ५० वर्ष सम्म उमेरका युवा युवतीहरुलाई पशुपालन कार्यमा सहभागी गराई स्वरोजगारी सृजना हुने तथा पशुजन्य उत्पादनमा टेवा पुग्ने किसिमका गाई/भैसी/बाख्रा/बङ्गुर/पाडा/माछा/हाँस पालन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ। युवाहरुलाई वैदेशिक रोजगारीमा जान निरुत्साहीत गरि व्यावसायिक फार्महरु सञ्चालन तथा सुदृढिकरण गर्नका लागि सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिने छ। उद्यमीको फार्म संचालन तथा सुदृढिकरण कार्ययोजना बमोजिम अधिक्तम रु.१०००००/- (एक लाख) सम्म अनुदान सहयोग उपलब्ध गराउन सकिने छ।

(ख) व्यवसाय उन्मुख साना किसानहरुलाई निजको गोठ/खोर निर्माण तथा सुधारका लागी स्विकृत कार्यक्रम अनुसार अधिक्तम रु. २५,०००/- सम्म अनुदान उपलब्ध गराउन सकिने छ। यस कार्यक्रममा सहभागी कृषकहरुले कम्तिमा २ वटा गाई/भैसी वा ५ वटा बाख्रा वा ५ वटा बंगुर पालन गर्न सकिने किसिमको सुधारीएको गोठ/खोर निर्माण गर्नुपर्ने छ। गोठ/खोर निर्माण तथा सुधार कार्य सम्पन्न भएपछी सम्वन्धित वडा कार्यालय र पशुसेवा शाखाको कार्यक्रम सम्पन्न प्रतिवेदनका आधारमा तपसिल अनुसारका कागजातहरु संलग्न राखी अनुदान उपलब्ध गराउन सकिने छ।

- गोठ तथा खोर निर्माणका लागि आवश्यक सामग्री (इट्टा, ढुङ्गा, गिट्टी, बालुवा, पाईप, तार, जाली, जस्ता आदी) खरिद गरेको विल तथा भरपाई।
- गोठ/खोर निर्माण कार्यको डोर हाजीरी फारम।
- निर्माण भएको गोठ/खोर, कृषक, कृषकले पालेको पशु सहितको फोटो।

प्रमुख प्रशासकीय अधिकृत

## २.६ पशुपन्छी तथा पशुजन्य पदार्थको बजारीकरण कार्यक्रम

पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थको बजारीकरण कार्यक्रम अन्तर्गत यस नगरपालिका लगायत अन्य सरोकारवाला निकायहरुमा नियमानुसार दर्ता भई संचालनमा रहेका पशु जन्य उत्पादन दुध, फूल, र मासु को बिबिधिकरण तथा बजारीकरणमा टेवा पुग्ने खालका कार्यक्रमहरु निजि साझेदारी अनुसार ७५/२५ प्रतिशतको लागत सहभागीतामा सञ्चालन गरिने छ। यस्ता कार्यक्रमहरु संचालन गर्नका लागी १५ दिन अवधिको सुचना प्रकाशित गरि प्रस्ताव आव्हान गरिने छ। साथै यस नगर क्षेत्रभित्र उत्पादन भएका पशुपन्छी र पशुजन्य पदार्थको बजारीकरणका लागि जिल्ला तथा प्रदेश स्तरमा आवश्यक समन्वय, सहयोग, सिफारिस गरिने छ।

## २.७ मत्स्य विकास कार्यक्रम

(क) मत्स्य विकास कार्यक्रम अन्तर्गत बर्दघाट नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा निजी पोखरीहरुमा माछा पालन गरि माछा उत्पादन बृद्धि केन्द्रित क्रियाकलापहरु सञ्चालन गरिने छ। नयाँ पोखरी निर्माण गर्ने, माछा पोखरीको स्तरोन्नती गर्ने, मत्स्य पालक कृषकहरुलाई आवश्यक माछा चुन, उन्नत जातका माछाका भुरा, रासायनिक मल तथा खनिज मिश्रणहरु आदि उपलव्ध गराईनेछ। व्यवसायिक माछा पालक कृषकहरुलाई लागत सहभागितामा नयाँ पोखरी निर्माण एवम् माछापालनका आवश्यक पम्पसेस, एरियटर, जाल लगायत अन्य आधुनिक सामग्री/उपकरणहरु खरिदमा सहायता गरिने छ। माछाको उत्पादन वृद्धि गर्नका लागि उन्नत जातका माछाका भुरा खरिदमा अधिक्तम ७५ प्रतिशत सम्म अनुदान उपलव्ध गराउन सकिनेछ।

(ख) नयाँ पोखरी निर्माण तथा पुरानो पोखरीको मर्मत सम्भार कार्यमा प्राविधिक लागत अनुमानको आधारमा ७५ प्रतिशत वा अधिक्तम रु.१००००० सम्म अनुदान उपलब्ध गराउन सकिनेछ छ।

(ग) मत्स्य पालक कृषकलाई बार्षिक रुपमा नियमित पोखरी सफाई, मर्मत सम्भार, आवश्यक समाग्री, उन्नत जातका भुरा आदि व्यवस्थापनका लागि पोखरिको क्षेत्रफल अनुसार प्रति कठ्ठा अधिकतम रु.२००० का दरले अनुदान उपलब्ध गराउन सकिनेछ छ।

## २.८ उत्पादनका आधारमा अनुदान सहयोग कार्यक्रम

उत्पादन प्रतिफलमा आधारित किसान अनुदान सहयोग कार्यक्रम अन्तर्गत दुध र मासु (खसी, बोका/बाख्रा) उत्पादन कार्यमा सहभागी भएका कृषहरुलाई स्वीकृत बजेटको परिधिभित्र रही नगरभित्र स्थापना/संचालनमा रहेका संगठित संस्था (समुह/ सहकारी/निजि) मार्फत दुध र खसी/बोकाको मासुमा अनुदान सहायता उपलव्ध गराईने छ। यस प्रकारको अनुदान रकम नगरभित्रका शुरु उत्पादक कृषकहरुले मात्र पाउने छन। नगरको संभावित बाख्रापालन क्षेत्र वडा न. २,१०,४,५,१६ मा बाख्रा पालक कृषक समुह गठन तथा परिचालका लागि प्राथमिकता दिईने छ। त्यसैगरी पशुपालक कृषकहरुले गोठमा पालेका दुधालु एवम् उत्पादनशील पशु संख्याकाका आधारमा प्रति पशु अधिकतम रु.५००० का दरले प्रोत्साहन अनुदान उपलव्ध गराउन सकिने छ। पशुधन सुरक्षाका लागी कृषकले फार्ममा रहेका गाई/भैसीहरुलाई बिमा गर्नुपर्ने छ।

**(क) दुधः**

- दुध संकलन केन्द्रमा रहेको अभिलेखका आधारमा नगरका सवै वडाहरु(१-१६) कृषकहरुलाई सम्वन्धित सहकारी/संकलन केन्द्र मार्फत स्वीकृत बजेटको आधारमा अधिक्तम ५/- पाँच रुपैपा प्रति लिटर सम्म अनुदान उपलव्ध गराउन सकिने छ।
- अनुदान उपलव्ध गराउनका लागि अघिल्लो आर्थिक बर्षको दुध संकलन परिमाणलाई आधार मानिने छ।



प्रमुख प्रशासकीय अधिकृत

- सम्वन्धित सहकारी एवम् दुध संकलन केन्द्रलाई सम्झौता गरी अनुदान रकम उपलब्ध गराईनेछ।

- सम्वन्धि सहकारी/दुध संकलन केन्द्रले अनुदान रकम दुध उत्पादक मार्फत कृषकलाई उपलब्ध गराई सोको भरपाई दिनु पर्नेछ।

**(ख) खसि,बोका/बाख्राः**

- बर्दघाट नगरपालिकाभित्रका बाख्रापालक कृषकहरुले उत्पादन गरेका (खसी/बोका) लाई नगरले सञ्चालन गरेको वा तोकेको सङ्कलन केन्द्रमा बिक्री गर्दाको अभिलेख अनुसार जीवित तौलको आधारमा प्रति केजी अधिक्तम रु.२० का दरले अनुदान सहायता उपलब्ध गराउन सकिने छ।

- बाख्रापालनमा कृषकहरुलाई आकर्षित गर्नका लागि किसानको खोरमा रहेका बाख्राहरुको संख्याका आधारमा प्रति माउ बाख्रा अधिक्तम रु.५०० का दरले प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ।

- कृषकले न्यूनतम ५ वटा माउ बाख्रा पालेको हुनु पर्ने छ।

- अनुदान रकम सम्वन्धित कृषक/फार्म/समुहको बैक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ।

**(ग) बंगुरः**

- बर्दघाट नगरपालिका भित्र दर्ता/संचालनमा रहेका बङ्गुरपालक कृषकहरुलाई प्रोत्साहन गर्नका लागि फार्ममा रहेका माउ बङ्गुर संख्याका आधारमा प्रति माउ बंगुर अधिकतम रु.१००० का दरले प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ।

- फार्ममा रहेका बंगुरहरुको बिमा गर्नुपर्ने छ।

- अनुदान रकम सम्बन्धित कृषक/फार्मको बैक खाता मार्फत उपलब्ध गराउनु पर्नेछ।

**३. अनुगमन तथा मूल्याङ्कनः** सञ्चालीत कार्यक्रमहरुको अनुगमन तथा मुल्याङ्कन बर्दघाट नगरपालिका नगर प्रमुख, उपप्रमुख, विषयगत शाखा, सम्बन्धित वडाका जनप्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरु वाट गरिने छ।

**४. प्रचलित कानुन लागु हुनेः** पशु सेवा विकास कार्यक्रम कार्यान्वयनको सम्वन्धमा प्रचलित ऐन, कानुनमा (संघीय र प्रदेशिक) उल्लेख भएकोमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ। साथै नगरपालिकाबाट यस अधि पशु सेवा विकाश सम्बन्धि सञ्चालन भए गरेका कार्यहरु समेत यसै कार्यविधि बमोजिम भएको मानिने छ।

**५. आर्थिक प्रशासनः** कार्यक्रमको लेखा, लेखाङ्कन लेखा परिक्षण तथा आर्थिक कारोवार गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र सरकारको सार्वजनिक खर्चको मापदण्ड र मितव्यता सम्वन्धि कार्यविधि २०७५ तथा प्रचलित कानुन बमोजिम हुनेछ।

**६. कार्यविधि संशोधन तथा परिमार्जनः** नगर कार्यपालिकाले यस कार्यविधिमा समय सापेक्ष आवश्यक परिमार्जन एवम् संशोधन गर्नेछ।

**८. खारेजी र बचाउः** यस अघि नगरसभावाट स्वीकृत भई संचालन भएका पशुपन्छी विकास सम्वन्धि कार्यक्रमहरु यसै बमोजिम भएको मानिने छ।

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूचीहरु

## अनुसूची- १

### नियमित पशुपन्छी उपचार सेवाको लागि आवश्यक पर्ने औषधि तथा उपकरणहरुः

| क्र.स. | विवरण | स्पेसिफिकेशन | कैफियत |
|---|---|---|---|
| 1 | Thromater | Glass/Dig | |
| 2 | Siger/forcape | L/S | |
| 3 | Gug/Cotton | 400 gm | |
| 4 | AI Shet/Glove | L/S | |
| 5 | Meloxicam/Para Cetamol Inj | 30/100 ml | |
| 6 | Oxytetracycline - LA Inj | 30/100 ml | |
| 7 | Gentamycin Inj | 30/100 ml | |
| 8 | Enrofloxacin Inj | 30/100 ml | |
| 9 | Chlorpheniramine Inj | 30/100 ml | |
| 10 | Dexamethone Inj | 10 ml | |
| 11 | Vit B Complex Inj | 30/100 ml | |
| 12 | Calcium Inj | 450ml | |
| 13 | Ampicillin Inj | 2/2.5 gm | |
| 14 | Ivermaction Inj | 10/50 ml | |
| 15 | Acriflavin/GV. | 15 gm | |
| 16 | Hesporine Pow. | 100 gm | |
| 17 | Phenol | 5 Lit | |
| 18 | T.T. Oil liq | 100/450 ml | |
| 19 | Himax/Chrimal | 25/50 gm | |
| 20 | Butox/Kutox | 10/50 ml | |
| 21 | Glyciren liq | 100/450 ml | |
| 22 | Betadin liq | 450 ml | |
| 23 | Alum/Borax/Soda bi carb | 400 hm | |
| 24 | Prajana/Banjana Cap | 6 Cap Sachet | |
| 25 | Meniral Mixture/Cofacu Tab | 5 Kg/20 Tab Tub | |
| 26 | Cortimaxazole Bolus | 1500 mg | |
| 27 | Albendazole | Liq/Bol | |
| 28 | Febendazole | Liq/Bol | |
| 29 | Oxyclozanide | Liq/Bol | |
| 30 | Lab Related Equpment | sos | |

नोटः पशु स्वास्थ्य शिविर/ बाँझोपन निवारण शिविर/ फार्म जैविक सुरक्षा कार्यक्रम संचालनका लागि आवश्यक्ता र उपदेयता अनुसार खरिद गर्न सकिने छ ।

## अनुसूची- २

### पशु खोप कार्यक्रम संचालन पारिश्रमिक विवरण

प्रमुख प्रशासकीय अधिकृत

| क्र.स | खोपको किसिम | खोप लगाउने जनावर | भ्याक्सिनेटरको ज्याला प्रति पशु सङ्ख्या |
|---|---|---|---|
| १ | भ्यागुते चरचरे (HSBQ), खोरेत (FMD), स्वाइन फिभर (SF) | गाई/भैसी/बंगुर | १५/- (पन्ध्र रुपैया) |
| २ | पि पि आर (PPR) | बाख्रा/भेडा | ७/- (सात रुपैया) |

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश

## अनुसूची- ३

### व्यवसायीक पशुपन्छी फार्म दर्ता/अभिलेखिकरण सम्वन्धि स्थानिय मापदण्ड

| क्र.स | फार्म सम्वन्धी विवरण | हुनुपर्ने पशुपन्छी संख्या | कैफियत |
|---|---|---|---|
| १ | व्यावसायिक गाई पालन फार्म | कम्तीमा ५ वटा माउ गाई | |
| २ | व्यावसायिक भैसी पालन फार्म | कम्तीमा ५ वटा माउ भैसी | |
| ३ | व्यावसायिक बाख्रा पालन फार्म | कम्तीमा १० वटा माउ बाख्रा | |
| ४ | व्यावसायिक बंगुर पालन फार्म | कम्तीमा ५ वटा माउ बङ्गुर | |
| ५ | व्यावसायिक कुखुरा पालन फार्म | २०० वटा चल्ला भन्दा माथि | |

## अनुसूची- ४

### व्यवसायीक पशुपन्छी फार्म दर्ता प्रमाण-पत्रको ढाँचाः

आ.व. .......

द.नः .......

व्यावसायिक रुपमा पशु पालन व्यवसायलाई सुव्यवस्थित गर्दै पशुपन्छी तथा पशुपन्छी जन्य पदार्थको उत्पादन गर्ने उद्येश्यले यस बर्दघाट नगरपालिका वडा नं .................... मा बस्ने कृषक श्री ..................................... ले स्थापना/सञ्चालन गरेको ........................................................फार्मलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

तगार गर्ने मितिः....................... शाखा प्रमुख

## अनुसूची- ५

### पशुपालन फार्म प्रवर्द्धन (गोठ/खोर सुधार) कार्यक्रम संचालनका लागि दरखास्त आव्हान सम्वन्धी सूचनाको नमुनाः

सुचना प्रकाशित मितिः .......................

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका (पशु सेवा शाखा) आ.व. ................. को स्वीकृत कार्यक्रम अन्तर्गत (गाई/भैसी/बाख्रा/बङ्गुर) गोठ/ खोर निर्माण/सुधार तथा पशुपालन फार्म सुदृढीकरणका अनुदान/सहायता प्राप्त गर्नका लागि तपसिल अनुसारको कागजात संलग्न गरी १५ दिनभित्र कार्यालयमा दरखास्त पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु

१. निवेदन।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।

४. सम्वन्धित वडाको सिफारिस पत्र।

**अनुसूची- ६**

**व्यावसायिक घाँस खेती कार्यक्रम संचालनका लागि दरखास्त आब्हान सम्वन्धी सूचनाको नमुनाः**

सुचना प्रकाशित मितिः .......................

बर्दघाट नगरपालिका (पशु सेवा शाखा) आ.व. ................. को स्वीकृत घाँस खेती विस्तार/घाँस विकास कार्यक्रम अन्तर्गत प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन तपसिल अनुसारको कागजात सम्लग्न राखी १५ दिनभित्र पशु सेवा शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु

१. निवेदन।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. व्यवसाय/फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची- ७

**व्यावसायिक पशुपालन फार्म स्थापना/पशुजन्य पदार्थ उत्पादन तथा बजारीकरण कार्यक्रम सञ्चालनका लागि दरखास्त आह्वान सम्बन्धी सूचनाको नमुनाः**

सुचना प्रकाशित मितिः .......................

बर्दघाट नगरपालिका (पशु सेवा शाखा) आ.व. .................. को स्वीकृत पशु जन्य उत्पादन तथा बजारीकरण कार्यक्रम अन्तर्गत व्यावसायिक पशुपालन फार्म स्थापना/पशुजन्य पदार्थ उत्पादन तथा बजारीकरण कार्यक्रम लागत सहभागितामा सञ्चालन गर्नका लागि तपसिल अनुसारको कागजात संलग्न राखी १५ दिनभित्र यस कार्यालयमा दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक कागजातहरु

१. निवेदन ।
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
३. व्यावसायिक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
५. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
६. व्यवसायको संक्षिप्त कार्य योजना ।
७. सम्बन्धित वडा कार्यालयको सिफारिस ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-८

**पशुपालक कृषक, उद्यमीले गोठ, खोर निर्माण/सुधार अनुदान रकम प्राप्त गर्नका लागि पेश गरिने निवेदनको ढाँचाः**

मिति ....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

बर्दघाट नगरपालिका कार्यालय

विषयः गोठ/खोर सुधार अनुदान सम्वन्धमा।

उपरोक्त सम्बन्धमा त्यस कार्यालयवाट मिति.................................... मा प्रकाशित सूचना मुताबिक गोठ/खोर सुधार कार्यक्रममा सहभागी भई कार्यक्रमको उदेश्य अनुरुप सुधारिएको गोठ/खोर निर्माण गर्न ईच्छुक भएकोले निम्न अनुसारको कागजात संलग्न राखी यो निवेदन पेस गरेको छु।

<u>संलग्न कागजातहरु</u>

१. निवेदन।

२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि।

३. व्यावसायिक फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।

४. व्यवसायको संक्षिप्त कार्य योजना।

५. सम्बन्धित वडा कार्यालयको सिफारिस।

<u>निवेदक</u>

नामः

ठेगानाः

सम्पर्क नम्वरः

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-९

**व्यावसायिक कृषक/समूह/समिति/सहकारीले फार्म स्थापना/ उत्पादन / बजारीकरण कार्यक्रम सञ्चालनका लागि पेस गर्नुपर्ने संक्षिप्त कार्य योजनाः**

आवेदक फार्म/संस्थाको नामः ........................................

ठेगानाः ..........................................................................

सञ्चालकको नामः ...............................................................

सम्पर्क नम्वरः ...............................................................

दर्ता भएको कार्यालयः ................................................

दर्ता नम्बरः ...............................................................

PAN/VAT नम्वरः .................................................

कार्यक्रमको परिचयः ..............................................................................................................

..............................................................................................................................

उदेश्यः ..............................................................................................................................

..............................................................................................................................

विद्यमान भौतिक सामाग्री र सोको अवस्थाः ..............................................................................

..............................................................................................................................

खर्च सम्वन्धी विवरणः

| क्र.स. | सञ्चालन गरिने मुख्य मुख्य क्रियाकलापहरु | एकाइ | परिमाण | लागत | | |
|---|---|---|---|---|---|---|
| | | | | कृषकको लगानी | न.पा. अनुदान | जम्मा |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| **कुल जम्मा** | | | | | | |

अपेक्षित प्रतिफलः ..........................................

नामः

दस्तखतः

छाप

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची- १०

**गोठ/खोर निर्माण, सुधार कार्यक्रम संचालनका लागि फार्म छनौट गर्ने मापदण्डः**

| क्र.स | आवेदकको नाम | ठेगाना | पालिएको पशु संख्या (५०) | घाँस लगाएको क्षेत्रफल (४०) | व्यवसायको दिगोपना (१०) | कुल अङ्क (१००) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## अनुसूची- ११

**साझेदारी कार्यक्रम सञ्चालनका लागि कृषक उद्यमी/ व्यावसायिक फार्म /समूह /समिति/ सहकारी छनौट गर्दा अपनाईने आधारहरुः**

| क्र.स | आवेदकको नाम | ठेगाना | कार्य योजना (५०) | व्यवसायको सम्भाव्यता /उपयुक्तता (४०) | अनुभव/तालिम /दिगोपना (१०) | कुल अङ्क (१००) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसुची- १२

**व्यावसायिक घाँस खेती अनुदान कार्यक्रम संचालनका लागि कृषक/फार्म छनौट गर्ने मापदण्डः**

| क्र.स | आवेदकको नाम | ठेगाना | पशुपालन संख्या (५०) | घाँस लगाएको क्षेत्रफल (४०) | सिँचाइको व्यवस्था (१०) | कुल अङ्क (१००) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची- १३

## दुध तथा मासु उत्पादन प्रतिफलमा अनुदान सहयोग कार्यक्रम सम्बन्धि सूचना

सूचना प्रकाशित मितिः .......................

बर्दघाट नगरपालिका आ.व. ................. पशुपन्छी विकासतर्फको स्वीकृत कार्यक्रम अन्तर्गत दुध र मासु उत्पादन प्रतिफलमा आधारित अनुदान सहायता कार्यक्रममा सहभागी हुनको लागि तपसिल अनुसारको कागजात सम्लग्न राखी १५ दिन भित्र यस कार्यालयमा दरखास्त पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

आवश्यक कागजातहरु

१. कार्यक्रममा सहभागी हुने निवेदन।
२. समूह/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४: कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. उत्पादन अभिलेख सम्बन्धि विवरण।
६. संस्थाको निर्णय।

## अनुसुची- १४

## दुध/खसीबोका उत्पादन अभिलेख र अनुदान वितरण सम्बन्धि भरपाईको ढाँचा

| क्र.स. | उत्पादक कृषकको नाम थर | ठेगाना | सम्पर्क नम्बर | वार्षिक उत्पादन (दुध लिटरमा)/ मासु केजीमा)/ पशु संख्यामा | नगरपालिका बाट प्राप्त अनुदान रकम | बुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१५

**दुध तथा मासु उत्पादन प्रतिफलमा अनुदान रकम प्राप्त गर्नका लागि पेस गरिने निवेदनको ढाँचाः**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
बर्दघाट नगरपालिका कार्यालय

मिति ..................

बिषयः दुध तथा मासु उत्पादन अनुदान सम्बन्धमा।

उपरोक्त सम्बन्धमा त्यस कार्यालयबाट मिति.................................. मा प्रकाशित सूचाना मुताविक दुध र मासु उत्पादन प्रतिफलमा आधारित अनुदान सहायता कार्यक्रममा सहभागी हुनको लागि तपसिल अनुसारको कागजात संलग्न राखि यो निवेदन पेश गरिएको छ ।

संलग्न कागजातहरु

१. कार्यक्रममा सहभागि हुने निवेदन।
२. समूह/सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपि।
३. PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि।
४. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. उत्पादन अभिलेख सम्बन्धी विवरण।
६. संस्थाको निर्णय।

आवेदक संस्थाको नामः
अध्यक्षको नामः
दस्तखतः
छाँपः

आज्ञाले,
(कृष्णप्रसाद सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत